नेपाल पत्रकार महासंघ
नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

मिति : २०७४।११।०८

# प्रेस विज्ञप्ति

सुनसरीबाट प्रकाशित प्रवोध साप्ताहिकका सम्पादक गमबहादुर लम्देल र सम्वाददाता जमुना श्रेष्ठ तथा मर्निङ टाइम्स दैनिकका सम्वाददाता मीना तुम्सुवालाई प्रहरीले बिनाकारण प्रक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । महासंघ सुनसरी शाखाका अनुसार समाचार संकलनमा रहेका पत्रकारत्रयलाई आज धरानबाट प्रहरीले बिनाकारण पक्राउ गरिएको हो ।

पेशागत दायित्व निर्वाहमा जुटेका पत्रकारलाई बिनाकारण पक्राउ गरिनु प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप हो । महासंघ प्रहरीबाट भएको यो कार्यको कडा शब्दमा निन्दा गर्दै पक्राउ परेका पत्रकारलाई अविलम्ब ससम्मान रिहा गरी संविधानप्रदत्त प्रेसको अधिकारको सम्मान गर्न र निर्वाध प्रेस स्वतन्त्रता उपभोगको वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

यसैबीच समाचार संकलनका क्रममा पत्रकार घनश्याम पाण्डे कास्कीको विजयपुर खोलाको पुल नजिक भएको बम विस्फोटमा परी घाइते हुनु भएको खवरप्रति महासंघ दु:ख व्यक्त गर्दछ र घाइते पत्रकार पाण्डेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सम्पूर्ण उपचारको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउँदछ ।

**रमेश विष्ट**
**महासचिव**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org